नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

**भन्सार चोरी पैठारी गरेका मालवस्तुहरुको भूक्तानिको लागि गैर कानूनी रुपमा विदेशी मुद्रा विदेश पठाई विदेशी विनिमय अपचलन गर्ने हाइटेक इन्टरनेशनल प्रा. लि. (स्थायी लेखा नं. ३०५०३७८९५) का संचालक हरि कुमार श्रेष्ठलाई रु. १,७१,५६,२८,१११।- (अक्षरेपी रु एक अर्व एकत्तर करोड छपन्न लाख अठ्ठाइस हजार एक सय एघार) विगो असुल उपर गरी विगोको तीन गुणासम्म जरिवाना र ३ वर्ष कैद साजय समेत मागदावी लिई मिति २०७७-०६-२२ गते काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको ।**

हाइटेक इन्टरनेशनल प्रा.लि. (स्थायी लेखा नं. ३०५०३७८९५) का संचालक हरि कुमार श्रेष्ठले भन्सार बिन्दुबाट मालवस्तु पैठारी गर्दा लुकाई छिपाई चोरी पैठारी गरी नेपाल ल्याई त्यसरी लुकाई छिपाई ल्याएको मालवस्तुको यथार्थ कारोवार नदेखाई यथार्थ र वास्तविक कारोवारको छुट्टै लेजरमा अभिलेख राखी राजस्व चुहावट समेत गरेको र त्यस्ता चोरी पैठारी गरी ल्याएको मालवस्तुको भुक्तानीको लागि बैंकको स्वीकृती समेत नलिई गैरकानूनी रुपमा अवैध किसिमले विदेशमा रकम पठाई विदेशी विनिमय अपचलन गरेको हुँदा चोरी पैठारी गरेको मालवस्तुको मूल्य **रु. १,७१,५६,२८,१११।- (अक्षरेपी रु एक अर्व एकत्तर करोड छपन्न लाख अठ्ठाइस हजार एक सय एघार)** बराबरको रकम विदेश पठाई विदेशी विनिमय अपचलन गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ४, दफा ८(२) र दफा ९(ग) बमोजिम कसूर गरेको देखिदा उक्त विगो रकम रु.१,७१,५६,२८,१११।- (अक्षरेपी रु एक अर्व एकत्तर करोड छपन्न लाख अठ्ठाइस हजार एक सय एघार) प्रतिवादीबाट विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम जफत वा असुल उपर गर्न र निज प्रतिवादीलाइ विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७ (१), वमोजिम वीगोको तीन गुणासम्म सजाय र दफा १७(८) र तथा १७(९) बमोजिम ३ वर्षसम्म कैद सजाय समेत हुन माग दावी लिई मिति २०७७।०६।२२ गते काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दायर गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**